**मिति २०७५ साल बैशाख १४ गते**

**प्रस्ताव नं. २५ : रुखको जरा ओखली नयाँ बृक्षारोपण गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २५ :** प्रस्ताव नं.२५ माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं. ५ स्थित टीकापुर नगरपालिकाको संरक्षणमा रहेको टीकापुर वन संरक्षण समिति, भगरैया वन संरक्षण समिति, भैरवनाथ वन संरक्षण समिति भित्र विगत धेरै वर्ष देखि हालसम्म प्रकृया पुर्‍याइ विभिन्न जातका रुख कटान भै दाउरा तथा अन्य कामकाजका लागि वितरण गरिएका रुख तथा विरुवाका जराहरु सडेर गलेर जाने अवस्था रहेको र जरा रहेका उक्त स्थानमा वृक्षारोपण समेत गर्न कठिनाई भईरहेको हुँदा उल्लेखित वनहरुमा सुकेका र सडेका विभिन्न जातका रुख तथा विरुवाका जरा निकाल्ने प्रकृया अगाडि वढाई पाऊँ भनी श्री दिलवहादुर ठकुल्लाले निवेदन पेश भएको सम्वन्धमा वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक र सदस्य, सम्बन्धित बन संरक्षण समितिका पदाधिकारीहरुको संयुक्त बैठक नगरपालिकामा बसी मापदण्ड तय गरी आवश्यक पक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २६: कव्रस्थानको स्थान तोक्ने सम्बन्धमा ।**

**निर्णय नं.२६ :** प्रस्ताव नं. २६ उपर छलफल गर्दा यस टीकापुर नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने ईश्लाम धर्माबम्वीहरुले मृत्युसंस्कार सम्पन्न गर्नका लागि कव्रस्थानको लागि स्थान/क्षेत्र तोकिदिनहुन भनी विगत लामो समय देखि यस नगरपालिकामा अनुरोध गर्दै आईरहेको विषयमा पछि विस्तृत अध्ययन गर्नुपर्ने देखिएकोले आगामी दिनहरुमा अध्ययन र छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २७ : राहत सहयोग सम्बन्धमा ।**

**निर्णय नं. २७ :** प्रस्ताव नं.२७ माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं.६ बस्ने वर्ष १७ की बिजेता शाहको घरमा मिति २०७५ साल वैशाख १२ गते दिउँसो २:३० बजे अचानक आगलागी भई घर पूर्णरुपमा जलेर क्षति भई घरमा रहेको मालसामान पूर्णरुपले नष्ट भएको र विगत १० वर्ष देखि निजका वावु वेपत्ता भएको र आमा पनि भारतमा मजदुरी गर्न गएकोले हाल कोही अविभावक नभएको अवस्था भएकोले हाम्रो आर्थिक अवस्था अत्यन्तै कमजोर भएको र आगलागीमा परी सम्पूर्ण लत्ताकपडा, खाना पकाउने लगायतका सामग्री सम्पूर्ण नष्ट भएकोले सहयोग पाऊँ भनी निवेदन पेश गर्नु भएकोमा उक्त स्थानमा स्थलगत अवलोकन र निरीक्षण गर्दा निजहरुको आर्थिक अवस्था निकै कमजोर रहेको, घरमा खानेलाउने चिज लगायत केही नभएको तथा साथमा कोही अभिभावक समेत नरहेको देखिएकाले तत्काल राहत स्वरुप निजहरुलाई रु.६० हजार रकम वरावरको विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी घर निर्माण सामाग्री उपलब्ध गराउने निर्णय गरियो । साथै सो आगलागी भएकै अवस्थामा तत्कालको राहतका लागि वडा नं. ६ बाट समेत रु. ६,०००/- वरावरको राहत उपलब्ध गराईएकोले रकम सोहि वडाको विपद् व्यवस्थापन कोषबाट खर्च व्यहोरीने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २८: नेपाली भूमीमा रहेको अनधिकृत वस्ती खाली गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २८ :** प्रस्ताव नं.२८ माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं. ९ खक्रौला पुल पारि नेपाली भूमिमा अनधिकृत रुपमा भारतीय नागरिकको वस्ती वसेको र वस्ती वढ्ने क्रम जारी रहेको कारणबाट नेपाली सिमा सुरक्षा सम्बन्धी जटिलता बढ्ने, नेपाली र भारतीय स्थानीयवासी बीच असमझदारी र दन्द्व बढ्न सक्ने सम्भावना रहेको सन्दर्भमा वडा नं.९ को मिति २०७५/०१/१० गते बसेको वडा समितिको बैठकले तत्काल वस्ती खाली गर्न सरोकारवालासँग समन्वय गरी जाने भनी निर्णय समेत गरेकोमा यसबाट भविष्यमा आउन सक्ने सम्भावित जटिलतालाई मध्येनजर गर्दै यस समस्यालाई समयमै समाधान र व्यवस्थापनका लागि जिल्ला समन्वय समिति, कैलाली, जिल्ला प्रशासन कार्यालय, कैलाली लगायत सम्वन्धित निकायसँग समन्वय गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २९: वातावरण तथा विपद व्यवस्थापन तर्फको विपद् व्यवस्थापन कोषको रकम बांडफाड सम्बन्धमा ।**

**निर्णय नं.२९:** प्रस्ताव नं. २९ माथि छलफल गदा वडा नं.८ को वडा स्तरिय योजना शिर्षक अन्तर्गत वातावरण तथा विपद् व्यवस्थापन तर्फको विपद् व्यवस्थापन कोषमा रु.१,५०,१९०।०० विनियोजन भएकोमा उक्त बजेटबाट तपशिल बमोजीमका योजनाहरु स्विकृत गरी बजेट विनियोजन गरिदिन वडा समितिबाट निर्णय सहित सिफारिस भई आएको हुँदा उक्त रकम तपशिल बमोजीम बाँडफाँड स्विकृत गर्ने निर्णय गरियो ।

**तपशिल :**

१. नदीमा चल्ने काठको पुरानो डुङ्गा (स्टीमर) मर्मत कार्य रु.९५,०००।००

२. विपदको समयमा वितरण गर्न विपद सामाग्री खरिद रु.५५.१९०।००

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली प्रदेश नं.-७, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

**प्रस्ताव नं. ३० : बाटोको रेखाकंन सम्बन्धमा ।**

**निर्णय नं. ३० :** प्रस्ताव नं. ३० माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं.४ स्थित सिद्धी विनायक इङ्गिलश वोर्डिङ्ग स्कुलका प्राचार्य श्री शिला के.सी.ले सिद्धी विनायक इङ्गिलश वोर्डिङ्ग स्कुल जाने बाटो रेखांकन गरि पाऊँ भनी निवेदन पेश गर्नु भएको सम्वन्धमा उक्त बाटो र त्यहाँको वस्तुस्थिति सम्वन्धमा सत्यतथ्य वुझ्न वडा नं. ४ का वडाध्यक्ष श्री लालविर चौधरीको संयोजकत्वमा तपसिल बमोजिमको कार्यदल गठन गर्ने र उक्त कार्यदललाई आगामी कार्यपालिका बैठकमा स्थलगत अवस्थाको वारेमा विस्तृत प्रतिवेदन पेश गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

**<u>तपसील</u>**

१ संयोजक : वडाध्यक्ष श्री लालविर चौधरी

२. सदस्य : अमिन, नापी कार्यालय, टीकापुर

३. सदस्य सचिव : श्री वृजलाल महतों, अमिन टीकापुर नगर कार्यपालिकाको कार्यालय

**प्रस्ताव नं. ३१ : आन्तरिक लेखापरिक्षण सम्बन्धमा |**

**निर्णय नं. ३१ :** प्रस्ताव नं. ३१ माथि छलफल गर्दा विभिन्न सार्वजनिक निकायहरुमा भए गरेका आम्दानी खर्च लगायत  विभिन्न कार्यहरुको नियमित चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यवस्था भए वमोजिम यस टिकापुर नगरपालिकामा विगत लामो समयदेखि छुट्टै आ.ले.प.शाखा गठन भइ आलेप भइरहेको थियो, हाल संघीय सरकारवाट स्विकृत दरवन्दी संरचनामा समेत आलेप शाखा सम्बन्धी व्यवस्था भइसकेको, हालसम्म पदपुर्ति भइ नसकेको, यस नगरपालिकाको यो आ.व.को हालसम्म पनि आ.ले.प.नभएको विद्यमान अवस्थामा दरवन्दी संरचना अनुसार आ.ले.प.शाखामा पदपुर्ति नहुन्जेल सम्मका लागि वैकल्पिक रुपमा आ.ले.प.गर्नुपर्ने अवस्था छ । हरेक सार्वजनिक निकायमा विगत लामो समयदेखि सम्बन्धित जिल्लाको को.ले.नि.का.ले आ.ले.प.गर्दै आइरहेको अवस्थामा दरवन्दी अनुसार शाखा गठन नहुदा सम्मका लागि यस नगरपालिकामा को.ले.नि.का.कैलालीलाई चौमासिक रुपमा आ.ले.प. गरिदिनका लागि अनुरोध गर्ने निणर्य गरियो ।

**प्रस्ताव नं. ३२ : सिमा सुरक्षा कार्यक्रमको चालु प्रकृतिका कार्यक्रम खर्च सम्बन्धमा |**

**निर्णय नं.३२ :** प्रस्ताव नं.३२ माथि छलफल गर्दा विभिन्न सार्वजनिक निकायहरुमा भए गरेका विभिन्न कार्यहरुको यस टिकापुर नगरपालिकालाई सिमा क्षेत्र विकास कार्यक्रमको प्राप्त अख्तियारी अनुसार कार्यक्रम खर्चमा रु ८,००,०००।- विनियोजन भएकोमा यस नगरपालिकाको मिति २०७४।१०।०७ गतेको निर्णयानुसार वडा नं ७ र ८ लाइ क्रमसः ४/४ लाख वडा समितिले थप बाँडफाँड गरी कार्यक्रम छनौट गरी नगर कार्यपालिकालाइ सिफारिस गर्न जिम्मेवारी दिईएकोमा नगर कार्यपालिकाबाट दिएको अधिकार अनुसार वडा समितिले छनौट गरी पठाएका निम्नानुसारका कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**<u>तपसिल</u>**

| क्र स | वडा नं | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ७ | सिलाइ कटाइ तालिम | २२०००० | |
| २ | ७ | कम्प्युटर हार्डवेयर तालिम | १८०००० | |
| ३ | ८ | हाउस वायरिङ तालिम | ३३०००० | |
| ४ | ८ | HIV पिडितलाइ आयआर्जनमुलक कार्यक्रम | ४०००० | |
| ५ | ८ | दुर्व्यसन विरुद्ध सचेतनामुलक कार्यक्रम | ३०००० | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली प्रदेश नं.-७,नेपाल

प्रमुख प्रशासकिय अधिकृत

**प्रस्ताव नं. ३३ : गरिवसँग विश्वेश्वर कार्यक्रमको चालु प्रकृतिका कार्यक्रम खर्च सम्बन्धमा ।**

**निर्णय नं. ३३ :** प्रस्ताव नं. ३३ माथि छलफल गर्दा यस टिकापुर नगरपालिकालाई गरिवसँग विश्वेश्वर कार्यक्रमको प्राप्त अख्तियारी अनुसार कार्यक्रम खर्चमा रु ५,२०,०००।- विनियोजन भएकोमा यस नगरपालिकाको मिति गतेको निर्णयानुसार वडा नं ५ र ७ लाइ क्रमशः २,६०,००० र २,६०,००० लाख वडा समितिले थप बाँडफाँड गरी कार्यक्रम छनौट गरी नगर कार्यपालिकालाइ सिफारिस गर्न जिम्मेवारी दिईएको हुादा नगर कार्यपालिकाबाट दिएको अधिकार अनुसार वडा समितिले छनौट गरी पठाएका निम्नानुसारका कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | वडा नं | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ५ | हेन्डपम्प जडान | १३००००।- | |
| २ | ५ | वंगुर पालन तालिम | १३००००।- | |
| ३ | ७ | सार्वजनिक शौचालय निर्माण | १७५०००।- | |
| ४ | ७ | वंगुर पालन तालिम | ८५०००।- | |

**प्रस्ताव नं. ३४: नगर स्तरिय अनुगमन तथा सुपरिवेक्षण समिति सम्वन्धमा ।**

**निर्णय नं. ३४ :** प्रस्ताव नं. ३४ माथि छलफल गर्दा नगर स्तरिय अनुगमन तथा सपरिवेक्षण समितिको देहाय बमोजीमको काम, कर्तव्य र अधिकार सम्बन्धी पेश भएको प्रस्ताव स्विकृत गर्ने निर्णय गरियो ।

**तपशिल :**

१) नगरपालिका क्षेत्र भित्र संचालित विभिन्न आयोजना तथा कार्यक्रमहरुको कार्यन्वयनमा सहजीकरण गर्ने तथा कार्यान्वयनमा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक सुझाव तथा निर्देशन दिने ।

२) आयोजना तथा कार्यक्रमको कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाईएमा सम्बन्धित पक्षलाई सजग गराउने ।

३) बिषयगत कार्यालय र अन्य सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रम वा आयोजनाहरुको समेत अनुगमन गर्ने ।

४) गैर सरकारी संस्थाबाट सञ्चालित कार्यक्रम वा आयोजना समेतको प्रभावकारी अनुगमन गरी गैरसरकारी संस्थाहरुलाई आफनो कार्यक्रमहरुको चौमासिक र बार्षिक प्रतिवेदन नगरकार्यपालिका समक्ष पेश गर्न लगाउने ।

५) समितिले अनुगमनको क्रममा देखिएका बिषयमा आवश्यक लेखाजोखा गरी आफ्नो सुझाव सहितको प्रतिवेदन नियमित रुपमा नगरकार्यपालिका समक्ष पेश गर्ने ।

६) समितिले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम,बाल संरक्षण अनुदान कार्यक्रम लगायत सामाजिक सुरक्षा सम्बन्धि समग्र कार्यक्रमको समेत अनुगमन गर्ने ।

७) नगरस्तरिय आयोजनाहरुको अन्तिम भुक्तानी पूर्व सम्बन्धित प्राबिधिक कर्मचारी समेतको सहभागितामा स्थलगत अनुगमन र मुल्याकंन गरी तोकीए बमोजीमको गुणस्तर,परिमाण,लागत र समयमा काम सम्पन्न भए नभएको यकिन गरी अन्तिम भुक्तानीका लागि सिफारिस गर्ने ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली प्रदेश नं.-७,नेपाल

**प्रस्ताव नं. ३५ निर्वाचित पदाधिकारीहरुको अन्य सामाजिक सुरक्षा सम्वन्धमा ।**

**निर्णय नं ३५ :** प्रस्ताव नं. ३५ माथि छलफल गर्दा यस टीकापुर नगरपालिकाका निर्वाचित पदाधिकारीहरुका लागि अन्य सामाजिक सुरक्षा खर्च शिर्षकमा चालु आ.व.मा रकम विनियोजन भएकोमा सो को खर्च गर्ने कार्यविधि र मापदण्ड नभएको हुँदा उक्त सामाजिक सुरक्षा सम्वन्धी कार्यविधि र मापदण्डको मस्यौदा तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न सामाजिक विकास समितिका संयोजकलाई जिम्मा दिने निर्णय गरियो ।

प्रतिलिपि

प्रमुख प्रशासकिय अधिकृत

**प्रस्ताव नं.३६ : विद्यालयलाई अनुमति, थप कक्षा र स्थान परिवर्तनका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ३६ :** प्रस्ताव नं.३६ माथि छलफल गर्दा टीकापुर नगरपालिका क्षेत्र भित्रका विभिन्न सामुदायिक र संस्थागत विद्यालयहरुले नयां विद्यालय संचालन, थप कक्षा संचालन तथा स्थान परिवर्तनका लागि अनुमति/स्वीकृति माग भएका तपसील वमोजिमका विद्यालयहरुको अनुमति प्रदान गर्ने सन्दर्भमा अध्ययन गर्दा हाल यस टीकापुर नगरपालिकाको शिक्षा ऐन, नियमावली, कार्यविधि बनी नसकेको अवस्थामा संस्थागत विद्यालय मापदण्ड तथासञ्चालन निर्देशिका,२०६९को परिच्छेद-३ मा उल्लेखित मापदण्ड पूर्ण रुपमा पुगेका विद्यालय हरुलाई अनुमति प्रदान गर्ने, आंशिक रुपमा मात्र मापदण्ड पुरा भएका विद्यालयहरुको हकमा यस शैक्षिक सत्रमा मापदण्ड पुरा गर्ने शर्तमा अनुमति दिने र विना अनुमति थप कक्षा संचालन गरिरहेका विद्यालयहरुलाई स्पष्टिकरण सोधी यस शैक्षिक सत्रमा अनुमति प्रदान गर्ने तथा नगरपालिकाको शिक्षा ऐन,नियमावली,कार्यविधि यथासिघ्र निर्माण गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | विद्यालयको नाम | ठेगाना | सम्बन्धित वडामा सोही तह/कक्षा सञ्चालित सामुदायिक विद्यालय संख्या | सम्बन्धित वडामा सोही तह/कक्षा सञ्चालित संस्थागत विद्यालय संख्या | संचालित कक्षा | माग गरिएको कक्षा | मापदण्ड तथा पुर्बाधारको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | कर्णाली मा.बि. टीकापुर | टीकापुर - १ | नभएको | नभएको | १०, प्राबिधिक | प्राविधिक तर्फ सिभिल इन्जिनियरिङ् ११ को अनुमति माग | सम्पूर्ण पूर्वाधार भएको | अनुमति प्रदान गर्ने |
| 2 | युनाटेड एकाडेमी | टीकापुर - १ | १ | ६ | ११ कक्षा संचालित | १२ कक्षा माग | पूर्बाधार भएको | अनुमति प्रदान गर्ने |
| 3 | बोडर लाइन पब्लिक स्कूल बैदी | टीकापुर - ७ | २ | ३ | ७ कक्षा संचालन | ८ कक्षा माग | पर्याप्त पूर्वाधार नभएको | सशर्त अनुमति प्रदान गर्ने |
| 4 | नाईल ई. बो. टीकापुर | टीकापुर - १ | ६ | १६ | ७ कक्षा संचालन | ८ कक्षा माग | पर्याप्त पूर्वाधार नभएको | सशर्त अनुमति प्रदान गर्ने |
| 5 | युनिभर्सल पिशलेण्ड डाँडाबोझि | टीकापुर - ७ | २ | ३ | ७ कक्षा संचालन | ८ कक्षा माग | पर्याप्त पूर्वाधार नभएको | सशर्त अनुमति प्रदान गर्ने |
| 6 | रिपब्लिक एकाडेमि सतघरुवा | टीकापुर - १ | ११ | २३ | ३ कक्षा संचालन | ५ कक्षा माग | नगरपालिकाको जग्गा उपयोग गरि कक्षा ३ को अनुमती लिइ ५ कक्षा संचालन गरेको | स्पष्टिकरण सोध्ने कक्षा ४ का लागि अनुमति दिने |
| 7 | मनकामना ई. बो. मनिकापुर | टीकापुर - ५ | ० | २ | ७ कक्षा संचालन | ८ कक्षा माग | पर्याप्त पूर्वाधार नभएको | सशर्त अनुमति प्रदान गर्ने |
| 8 | क्रियटीभ एजुकेस्नल एकाडेमि | टीकापुर - ३ | १ | १ | ६ कक्षा संचालन | ७ कक्षा माग | कच्ची भवन, खेलमैदान, खानेपानी पर्याप्त नभएको | सशर्त अनुमति प्रदान गर्ने |
| 9 | सिध्दीबिनायक ई. बो. मौरनिया | टीकापुर - ४ | १ | ३ | ३ कक्षा संचालन | ४ कक्षा माग | कच्ची भवन | सशर्त अनुमति प्रदान गर्ने |
| 10 | पदमज्योती ई. बो. रामपुर | टीकापुर - ३ | १ | १ | ७ कक्षा संचालन | ८ कक्षा माग | प्रयाप्त पूर्वाधार नभएको | सशर्त अनुमति प्रदान गर्ने |
| 11 | ग्यानी पाठशाला टीकापुर | टीकापुर - १ | ११ | २३ | ४ कक्षा संचालित | ५ कक्षा माग | पूर्बाधार भएको | अनुमति प्रदान गर्ने |
| 12 | जिवन ज्योती एकाडेमी,अम्बासा | टीकापुर - ६ | ३ | ० | २ कक्षा संचालन | ३ कक्षा माग | पूर्बाधार निकै कमजोर भएको, छाना जोखिम युक्त | सशर्त अनुमति प्रदान गर्ने |
| 13 | ज्योती आधारभूत शिबनगर | टीकापुर - १ | ११ | २३ | १ कक्षा संचालन | २ कक्षा माग | सामान्य | सशर्त अनुमति प्रदान गर्ने |
| 14 | हँस ई. बो. पुच्छरि | टीकापुर - ३ | १ | २ | ५ संचालित | ६ कक्षा माग | पूर्बाधार भएको | अनुमति प्रदान गर्ने |
| 15 | हँस ई. बो. पुच्छरि | टीकापुर - ३ | | | संचालित कक्षा ५ | नाम परिवर्तन | हँस इ.बो. बाट मेलवर्न नामाकरण गरिनु पर्ने | राष्ट्रियता झल्कने उपयुक्त नेपाली नाम प्रस्ताव गर्न पत्राचार गर्ने । |
| 16 | एभरेष्ट स्कूल, टीकापुर | टीकापुर - १ | ११ | २३ | नयाँ | बालबिकास | | अनुमति प्रदान गर्ने |
| 17 | सरस्वती बाल बिकास बिशालनगर | टीकापुर - १ | ११ | २३ | नयाँ | बालबिकास | टीकापुर बहुमुखी क्याम्पसको हक दावी रहेको जग्गामा अनुमति माग गरेको | स्थायी संरचना निर्माण र कक्षा थपको अनुमति नदिने |
| 18 | एस. भि. निकेतन | टीकापुर - १ | ११ | २३ | प्रारम्भिक कक्षा | कक्षा - १ | | अनुमति प्रदान गर्ने |
| 19 | टिकापुर सिटी स्कुल | टीकापुर - १ | ११ | २३ | प्रारम्भिक कक्षा | कक्षा - १ | | अनुमति प्रदान गर्ने |
| 20 | त्रिपथ विद्या निकेतन | टीकापुर -१ | | | प्रारम्भिक कक्षा | कक्षा -१ | | अनुमति प्रदान गर्ने |

यस जिल्लाको धनगढी उप महानगर पालिका -१७ मा रहेको वेहडावावा एकेडेमी प्रा.लि.लाई कम्पनी रजिष्टार्डको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौंको मिति २०७४/१२/२९को पत्रानुसार उक्त विद्यालयको नाम टीकापुर सिटी स्कुल र स्थान टीकापुर नगरपालिका वडा नं. १ कायम भएको र लम्की चुहा नगरपालिका वडा नं.१मा रहेको पायनियर्स एकेडेमीलाई जिल्ला शिक्षा कार्यालयको मिति २०७४/०५/२० को पत्रानुसार उक्त विद्यालयको नाम त्रिपथ विद्या निकेतन र स्थान टीकापुर नगरपालिका वडा नं. १ कायम गरेको फाइल पेश हुन आएकोले सोही अनुसार उक्त विद्यालयहरुको नाम र स्थान कायम गर्ने ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली प्रदेश नं.-७,नेपाल

प्रमुख प्रशासकिय अधिकृत

**प्रस्ताव नं.३७ : आयोजना तथा कार्यक्रमहरु संशोधन सम्बन्धमा ।**

**निर्णय नं. ३७ :** प्रस्ताव नं.३७ माथि छलफल गर्दा टीकापुर नगर सभा र नगरकार्यपालिकाबाट चालु आ.व.मा वडा स्तर तथा केन्द्र स्तरबाट कार्यान्वयन हुने गरी स्विकृत भएका केही योजना तथा कार्यक्रमहरु संशोधन गर्नु पर्ने भएकाले सम्बन्धित वडाको निर्णय सहित सिफारिस भई आएका तथा केन्द्र स्तरका योजना समेतको आगामी नगर सभाबाट अनुमोदन हुने गरी तपशिल बमोजीम संशोधन गरी कार्यानवयन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | स्वीकृत आयोजनाको नाम र ठेगाना | स्वीकृत रकम रु. | शंसोधित आयोजनाको नाम | शंसोधित रकम रु. | शंसोधन गर्नु पर्ने कारण | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १. समितिपुर सिता देवी बिस्टको घर देखि हरिलाल चपाईको घर र गीता देवी बजगाईको घर देखि प्रसान्त शाहीको घर सम्मको सडक निर्माण (वडा नं. १ समितिपुर) को रु.२,००,००० २.समितिपुर घुमपटुवा कुलो देखि दिर्घ राज रेग्मीको प्लट सम्म जाने बाटोमा माटो पटानी तथा ग्रावेल (वडा नं. १ समितिपुर) को ५०,००० र ३. समितीपुर टंक भण्डारीको घर देखि बेला रावलको घर सम्म जाने बाटोमा माटो (वडा नं. १ समितिपुर)पटानी तथा ग्राभेलको ५०,००० | ३ वटा योजनाको कुल रकम ३,००,०००/- | समितिपुर सिता देवी बिस्टको घर देखि हरिलाल चपाईको घर र गीता देवी बजगाईको घर देखि प्रसान्त शाहीको घर सम्मको सडक निर्माण (वडा नं. १ समितिपुर) | ३,००,०००/- | १. तिन वटै सडक एक आपसमा जोडिएको र आयोजना स्थल एकै भएको, २ तिन वटै सडक निर्माण गर्दा अधुरा रहने ३. शंसोधनका लागि टोल भेलाको निर्णय पेश भएको ४. २ नं. को सडक चलन चल्तीमा नआएको | ० | केन्द्र स्तरीय आयोजना |
| २ | विरेन्द्र बिद्या मन्दिर बहुमुखी क्याम्पस, वडा नं. १/ ४ टीकापुर | ५०००००/- | विरेन्द्र बिद्या मन्दिर बहुमुखी क्याम्पसको भवन निर्माण ( प्लास्टर, झ्याल ढोकाको पल्ला जडान) नं. १/ ४ टीकापुर | ५०००००/- | १. आयोजनाको गर्नु पर्ने कार्य स्पष्ट नभएको | ० | केन्द्र स्तरीय आयोजना |
| ३ | विरेन्द्र बिद्या मन्दिर उच्च मा.बि. वडा नं. १/ २ टीकापुर | ५०००००/- | विरेन्द्र बिद्या मन्दिर उच्च मा.बि. साइकल तथा मोटर साइकल ग्यारेज निर्माण वडा नं. १/ २ टीकापुर | ५०००००/- | १. आयोजनाको गर्नु पर्ने कार्य स्पष्ट नभएको | ० | केन्द्र स्तरीय आयोजना |
| ४ | कर्णाली मा'वि. वडानं. १/ ११टीकापुर | ५०००००/- | कर्णाली मा.बि.खेल मैदानमा माटो पटानी र पक्की पर्खाल निर्माण वडानं. १/ ११टीकापुर | ५०००००/- | १. आयोजनाको गर्नु पर्ने कार्य स्पष्ट नभएको | ० | केन्द्र स्तरीय आयोजना |

प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | हिमालय उ मा.वि. को भवन निर्माण, वडा नं. ३ घिया | २१,५०,०००/- | हिमालय उ. मा.वि. को पर्खाल निर्माण, वडा नं. ३ घिया | २१,५०,०००/- | तिव्र रुपमा कटान भई छाडा पशुले समेत विधालयको हाताभित्र छिरी फुलवारी तथा वोट विरुवा हानी नोक्सानि पुर्याउने भएकोले | ० | केन्द्र स्तरीय आयोजना |
| ६ | लावा जुनी मुक्तकमलरीलाई अध्ययन गराउने छात्राबासको व्यवस्थापन सहयोग सरस्वती मा बि बनागाउ | १,५०,०००/- | लावा जुनी मुक्तकमलरीलाई अध्ययन गराउने छात्राबासको व्यवस्थापन सहयोग सरस्वती मा बि बनागाउ | १,५०,०००/- | पहिले बजेट विनियोजन गर्दा पुजीगत ३११५९ सार्बजनिक निर्माणमा विनियोजन भयकोमा चालु प्रकृतिको २२५२२ कार्यक्रम खर्च शिर्षकमा खर्च शिर्षक परिवर्तन गर्न आवश्यक देखिएको | ० | केन्द्र स्तरीय आयोजना |
| ७ | सहरी स्वास्थ्य केन्द्र थप | २०००००/- | सहरी स्वास्थ्य केन्द्र थप | २०००००/- | पहिले बजेट विनियोजन गर्दा करार सेवा शुल्क मा विनियोजन भयकोमा अब २२५२२ कार्यक्रम खर्च शिर्षकमा खर्च शिर्षक परिवर्तन गर्न आवश्यक देखिएको | ० | केन्द्र स्तरीय आयोजना |
| ८ | राधा कृष्ण मन्दिरको गेट र पक्कि घेरा पर्खाल निर्माण, वडा न. १/९ | ३,००,०००/- | मन्दिर प्रागनमा निर्माणाधीन ४ कोठे भवनको plaster र कार्यालय व्यवस्थापन वडा न. १/९ | ३,००,०००/- | राधा कृष्ण मन्दिरको गेट र पक्कि घेरा परखाल निर्माण कार्य गर्न रकम अपुग भएकोले | १ | वडा स्तरीय आयोजना |
| ९ | सयपत्री टोलमा कल्भर्ट निर्माण तथा कल्भर्ट को दाँया बाँया माटो पटानी तथा ग्रावेल वडा न. १/१२ | ६,००,०००/- | सयपत्री टोलमा माटो पटानी तथा ग्रावेल सडक निर्माण कार्य, वडा न. १/१२ | ६,००,०००/- | सयपत्री टोलमा कल्भर्ट निर्माण कार्य गर्न रकम अपुग भएकोले | १ | वडा स्तरीय आयोजना |
| १० | कन्या प्रा.वि. को पूर्वाधार निर्माण वडा न. १/१८ | १,५०,०००/- | कन्या प्रा.वि.को च्यानल गेट र पंखा जडान कार्य, वडा न. १/१८ | १,५०,०००/- | पूर्वाधार निर्माणमा रकम अपुग भै निर्माण कार्य अधुरो हुने र तत्काल गेट को आवस्यकता भएकोले | १ | वडा स्तरीय आयोजना |
| ११ | कोठारपुर र सीतापुर गाउँको थारु मरुवा घेरबार ,वडा नं. २ | १०००००/- | २ नं. वडा कार्यालय हाताभित्र माटो पटानी कार्य वडा नं. २ ,राजिपुर | १०००००/- | जग्गा नभएको | २ | वडा स्तरीय आयोजना |

प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | बाढीबाट क्षतीग्रष्ट भएका बाटाहरुमा ह्युमपाईप खरिद गरि जडान वडानं. २ | ६०००००/- | सीतापुर स्थित कालिका मन्दिर परिसरमा घेरबार तथा वृक्षारोपण कार्य वडा नं. २ | १५१५९१.०० | साबिकको स्वीकृत आयोजनाबाट आवश्यक मात्रामा ह्युमपाइप खरिद गरि विभिन्न स्थानमा वितरण भएको र बचत रकम रु. १५१५९१ भएकोले योजना संसोधन गरिएको | २ | वडा स्तरीय आयोजना |
| १३ | पशुपतिप्रा.वि.को झ्याल ढोका मर्मत निर्माण, वडा नं. ३ शंकरपुर | ५०,०००/- | पशुपतिनाथ प्रा.वि. को शौचालयको ट्यांकी खरिद, माटो पटानी तथा झ्याल, ढोका मर्मत | ५०,०००/- | खानेपानी टंकी नभयको र माटो पटानी अवोस्यक भएको | ३ | वडा स्तरीय आयोजना |
| १४ | रामपुर उत्साहित महिला दुग्ध सहकारी संस्था लि. चिलिङ्ग भ्याट २००० लि. क्षमता ,वडा नं.३ | १५०००० | रामपुर उत्साहित महिला दुग्ध सहकारी संस्था लि. फ्रिज र दुध बोक्ने प्यानहरु खरिद कार्य ,वडा नं. ३ | १५०००० | महिला दुग्ध सहकारी संस्था मा महिला मात्र भएकोले आर्थिक श्रोतको अभावका कारण चिलीङ्ग भ्याटको लागि न्युन वजेट भएकोले | ३ | वडा स्तरीय आयोजना |
| १५ | रामप्यारे चौधरीको घर अगाडी झरनमा पक्की डूड निर्माण, वडा नं.४ बाघमारा | ५००००/- | रामप्यारे चौधरीको घर अगाडी झरनमा नाला निर्माण, वडा नं.४ बाघमारा | ५००००/- | १.पक्की डुण निर्माण गर्दा रकम अपुग भएको हुँदा तत्काल कच्ची कुलो निर्माण | ४ | वडा स्तरीय आयोजना |
| १६ | वडा स्तरिय युवाहरुलाई सिपमुलक प्लम्बींग तालिम | ५०,०००/- | वडा स्तरिय युवाहरुलाई डकर्मी तालिम | ५०,०००/- | भवन मापदण्ड ब्यबस्थित गर्न र भवन निर्माण कार्य गुणस्तरीय गर्न डकर्मी तालिम प्राथमिकतामा परेको कारण | ४ | वडा स्तरीय आयोजना |
| १७ | वडा नं. ४ का कृषकहरुको पशुहरु लाई खोप कार्यक्रम ( भ्यागुते ,चर्मरोग )रु. ५०००० | ५०००० | ट्याबिज निर्माणमा अपुग रकम थप रकम,वडा नं. ४ | ५०००० | एकिकृत गरियको | ४ | वडा स्तरीय आयोजना |
| १८ | महिलाहरुका लागि भवन निर्माण,वडा नं. ५,नुक्लिपुर ३,००,००० र खोप केन्द्र भवन निर्माण, वडा नं. ५,बसन्ताको ४,५०,००० | २ वटा योजनाको एकमुष्ट ७५०००० | कर्नालेस्वर शिव मन्दिर निर्माण,वडा नं. ५,दौलतपुर | ७५०००० | नम्बरी जग्गा नभएको | ५ | वडा स्तरीय आयोजना |

प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | केसर परियारको घर देखि झप्परे बि.क को घरहुदै केसरी बिस्ट जग्गा सम्मको बाटोमा माटो पटानी कार्य वडा नं.५,शाहिपुर १५०००० र बसन्ता रानिकुला सम्मको बाटोमा माटो पटानी कार्य, वडा नं.५,शाहिपुर को ३,५०००० | २ वटा योजनको एकमुष्ट रु ५,००,००० | केसर परियार को घर देखि झप्परे बि.क को घरहुदै केसरी बिस्टको जग्गा देखि बसन्ता रानिकुला सम्मको बाटोमा माटो पटानी कार्य, वडा नं. ५,शाहिपुर | ५००००० | दुवै बाटो एकै स्थानमा भएको | ५ | वडा स्तरीय आयोजना र केन्द्र |
| २० | मनिकापुर पक्कि पुलदेखि मुक्त कमैया शिविर सम्मको वाटोमा माटो पटानि तथा ग्राभेल | १००००० | वडा नं. ५ मनिकापुरमा मरुवा ट्रस सेड निर्माण | १००००० | बाटो रेखाङ्कन नभएको | ५ | वडा स्तरीय आयोजना |
| २१ | टीकापुर ५ पहाडीपुर मौरीनियामा जाने वाटोमा चौतारा निर्माणरु. ३२२०० र टीकापुर ५ सिम्रेनि जस वहादुर गुरुङ्को घरदेखि नन्दराम मगरको घर हुदै नदि जाने वाटोमा माटो पटानि तथा ग्राभेल रु.५०००० | ८२२०० | टीकापुर पोलीटेक्नीकल ईन्स्टीच्युट परिसरमा साईकल स्टेण्ड निर्माण ,वडा नं. ५,बंगलापुर | ८२२०० | बाटो भित्र परेकाले र रकम नपुग्ने भएकोले | ५ | वडा स्तरीय आयोजना |
| २२ | नया टीकापुरको शाखा कुलामा डुड निर्माण | १००००० | चौतारा निर्माण नया टीकापुर ,वडा नं. | १००००० | सिचाइका योजनामा परेकाले | ५ | वडा स्तरीय आयोजना |
| २३ | राजाराम चौधरीको घर देखि महादेव चौधरीको घर सम्मको बाटोमा माटो पटानी ग्रावेल ,वडा नं.६,बेलुवाबोझी | ३५००० | साबिक नारायनपुर देखि कलिकास्थान टीकापुर सम्मको बाटो ग्राभेलमा रकम थप | ३५००० | बाटोमा घर परेको / घर धनि हाल यहाँ नभयकोले घर हटाउन समस्या भएको | ६ | वडा स्तरीय आयोजना |
| २४ | कार्यालयको सेवाग्राही प्रतिक्षालय निर्माण वडा न. ६ नारायणपुर १५०००० , २. कार्यालय परिसरमा माटो पटानी, वृक्षारोपण र बगैचा व्यवस्थापन वडा न. ६ नारायणपुर २,५९,१९६ र ३. वार्ड न ६ वार्ड परिसरमा गेट निर्माण वडा न. ६ नारायणपुरको ५१५०० | ३ वटा योजनाको एकमुष्ट रकम ४,६०,६९६ | कार्यालयको सेवाग्राही प्रतिक्षालय निर्माण, वार्ड परिसरमा गेट निर्माण र कार्यालय व्यवस्थापन, वडा नं ६ नारायणपुर | ४,६०,६९६/- | आयोजना स्थल एकै ठाउँमा भयकोले एउतै उपभोक्ता समिति गठन गरि निर्माण कार्य गर्न सहजता हुने भयकोले आयोजना एउतै कायम गर्नु पर्ने | ६ | १. वडा स्तरीय आयोजना २. वडा स्तरीय आयोजना र ३.केन्द्र स्तरीय आयोजना |
| २५ | बाल विकास केन्द्र मर्मत,वडा नं. ६,सिम्रेनी | ५०,०००/- | बाल विकास केन्द्रको पर्खाल निर्माण,वडा नं. ६,सिम्रेनी | ५०,०००/- | जग्गा को संरक्षण अति जरुरि भएको | ६ | वडा स्तरीय आयोजना |
| २६ | जनजाती संग्रालय निर्माण ,वडा नं.६ | ५३०००० | समुदायक भवन निर्माणमा अपुग रकम थप,वडा ६, | ५३००००० | जग्गा नभएको | ६ | वडा स्तरीय आयोजना |
| २७ | मुल वाटोवाट टीकाराम ठकुल्लाको घर जाने वाटो ग्राभेल, वडा नं. ७ धामीटोल | ४०,०००/- | सिम्रेनी महादेव टोल जाने बाटो ग्राभेल | ४०,०००/- | बाटो सार्वजनिक नभएको | ७ | वडा स्तरीय आयोजना |

प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८ | रमेश खडकाको घर जाने वाटोको क्लभर्टमा स्लाव ढलान, वडा नं. ७ सत्ती | ५०,०००/- | रमेश खड्काको घर जाने बाटोको कल्भर्टको उत्तर दक्षिण जाने बाटोमा ग्राभेल | ५०,०००/- | स्ल्याव निर्माणका लागि रकम अपुग हुने भएको | ७ | वडा स्तरीय आयोजना |
| २९ | सामुदायिक भवन निर्माण ,वडा नं. ७,प्रतिपुर को रु १००००० र सामुदायिक भवन निर्माण ,वडा नं. ७,दिव्यपुर को रु १००००० | २ वटा योजनको एकमुष्ट रु २,००,००० | सामुदायिक भवन निर्माण,प्रतिपुर,वडा नं.७ | २००००० | दिव्यपुर सामुदायिक भवनको जग्गा नभयकोले प्रतिपुर सामुदायिक भवन निर्माणमा समायोजन भएको | ७ | वडा स्तरीय आयोजना |
| ३० | सामुदायिक भवनको जग निर्माण, वडा नं. ७,पदमपुर | ५०००० | बेलुवा चौराहा देखि दिव्यपुर हुदै कलाकुंडा जाने बाटो ग्राभेल , वडा नं.७, | ५०००० | जग्गा नभएको | ७ | वडा स्तरीय आयोजना |
| ३१ | रेडक्रस भवन घेरबार | १००००० | पदमपुर देखि टाडाबोझि जाने बाटो ग्रावेल | १००००० | सामुदायिक भवन निर्माणकालागि जग्गा नभएको | ७ | वडा स्तरीय आयोजना |
| ३२ | सति समुदायक बन भित्र पार्कसहित पिकनिक स्पोट निर्माणको २५०,००० , र वोजुवा ताल संरक्षण कार्य,वडानं। ७,नारायणपुरको रु २००,००० (केन्द्र) | २ वटा योजनाको एकमुष्ट रकम ४५०००० | वोजुवा ताल संरक्षण तथा वयस्थापन कार्य | ४५०००० | जग्गा नभयको र योजना अलग अलग भयकोले एकिकृत गरिएको | ७ | वडा स्तरीय आयोजना |
| ३३ | शिक्षका लागि बाल विकास भवन निर्माण ,वडा नं. ७,दाराबोभ्की रु १२५,००० | १२५००० | स्वास्थ्यका लागि खोप केन्द्र भवन निर्माण,वडा नं.७ | १२५००० | खोप केन्द्र प्राथमिकतामा परेकोले निर्माण गर्न आवस्यक भएको | ७ | वडा स्तरीय आयोजना |
| ३४ | परदेशी चौधरी को घर देखि मोहन चौधरीको घर सम्मको बाटोमा माटो पटानी र ग्रावेल ,रु. ५००००, बटनपुर कुला देखि बन्जेरिया हुदै हुलाकी सडक जाने बाटोमा माटो पटानी र ग्रावेल रु. २९०००० ,वडा नं.८ | २ वटा योजनाको एकमुष्ट रकम ३४०००० | बटनपुर कुला देखि बन्जेरिया हुदै हुलाकी सडक जाने बाटोमा माटो पटानी र ग्रावेल,वडा नं.८ | ३४०००० | नक्सामा बाटो नभएको | ८ | वडा स्तरीय आयोजना |
| ३५ | फाटागाउँ भित्रको सडकमा ग्रावेल र नाली निर्माण रु.१०००००,सुर्यपुर देखि खक्रौला सम्मको सडक ग्रावेल रु. ५३००००,वडा नं.८ | २ वटा योजनाको एकमुष्ट रकम ६३०००० | सुर्यपुर देखि खक्रौला सम्मको सडक ग्रावेल कार्य ,वडा नं.८ | ६३०००० | स्थान अभावका कारण नाली बनाउन कठिनाई रहेको | ८ | वडा स्तरीय आयोजना |
| ३६ | समुहगत च्याउ खेतिका लागि तालिम र बिउ वितरण (क्रिसक समूह) | रु.५०००० | बेमौसमी तथा तरकारी खेति सम्बन्धि तालिम र बिउ वितरण कार्यक्रम | रु. ५०००० | बेमौसमी तथा तरकारी खेतिको माग बढी भएको | ८ | वडा स्तरीय आयोजना |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली प्रदेश नं.-७,नेपाल

प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३७ | मुख्यानटोल जाने बाटोमा कल्भर्ट निर्माण ,वडा नं ९ ,रैनिबोझि | ११०००००/- | खक्रौला बटनपुर जोड्ने सडकको पायलगाउँ स्थित झरनमा कल्भर्ट निर्माण, वडा नं ९ ,पायलगाउँ | ५०००० | साबिकको कल्भर्ट निर्माण स्थल भन्दा अगाडी सार्बजनिक बाटो नभयको / व्यक्तिको जग्गा भएकोले | ९ | वडा स्तरीय आयोजना |
| ३८ | ह्युमपाईप खरिद वडा नं.९ भरी | ३११५१७/- | गणेश चौधरीको घर हुँदै सुर्यपुर जाने सडकमा ढल निकासका लागि ह्युम पाइप कल्भर्ट निर्माण ,वडा नं ९ झुंगा | ३११५१७/- | गणेश चौधरीको घर हुँदै सुर्यपुर जाने सडक रेखांकन सहित ग्राभेल गर्नु पर्ने भएकोले रकम कम भएको हुँदा पानी निकासका लागि ह्युम पाइप कल्भर्ट आवस्यक भएको | ९ | वडा स्तरीय आयोजना |
| ३९ | बौनिया बाल विकास केन्द्रको भवन मर्मत | ५००००/- | बौनिया आम बगिया देखि बाल विकास केन्द्र जोड्ने बाटोमा ग्रावेल ,वडा नं. ९ | ५००००/- | बौनिया बाल विकास केन्द्र को भवन मर्मत गर्न रकम कम पर्ने | ९ | वडा स्तरीय आयोजना |
| ४० | नरी साउदको घर देखि राजेन्द्र आउजीको घरसम्मको बाटो ग्रावेल रु. १५०००० र रति सुनारको घरदेखि खक्रौला जोड्ने बाटोमा ग्रावेल रु. ५०००० | २ वटा योजनाको एकमुष्ट रकम २००००० | नरी साउदको घर देखि राजेन्द्र आउजीको घरसम्मको बाटोमा ग्रावेल ,वडा नं.९ | २०००००/- | नरी साउदको घर देखि राजेन्द्र आउजीको घरसम्मको बाटोको योजना सार्न निबेदन आएको | ९ | वडा स्तरीय आयोजना |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली प्रदेश नं.-७, नेपाल

प्रतिलिपि

प्रमुख प्रशासकिय अधिकृत